**चेली**



- देबीप्रसाद थापा 'मामा'

तिम्रै देशभित्रका भूगोलमा
भूँडी नभरिनु
तिम्रै ज्यान नबाँच्नु
यो भन्दा कठोर इतिहास लेखिँदैन अहिले|

चिरिएको कथासङ्गै
फोरिएको मुटु लिएर
इमान हातमा बोकेर
टाँगिएको पोस्टर झैँ
भिक्टोरियाका देशमा सुन् फल्दैन अहिले|

हेपिएर सधैँ
होचिएर अरुसङ्ग
थिचिएर जिन्दगीभर
मनमा विरक्त बोकेर
फिलिपिन्सका टापूमा हिरा मिल्दैन अहिले|

चट्टान तोडेर
रुप रङ्ग बिगारेर
चिहानमाथि सुतेर
जिवन व्यर्थै निखारेर
खाडी मुलूकका रापमा मोति पाईदैन अहिले|

सपनाहरु कसैका विपना भएनन्
घाम र जुनको मिलन नभएझैँ
किर्ते संसारमा जतिनै मच्चिए पनि
महल अरुका भए
लिन्कोनका माटामा मणि उब्जिँदैन अहिले|

अरुका चुल्हामा ढडेर
लाश आँगनमा लड्दा पनि
आगो झोसियो विश्वासमा

चूक थपियो दर्दमा
हिटलरका मानचित्रमा पारस भेटाईदैन अहिले|

सन्तान च्याप्ने पिठ्युँमा
ठूलो भारि लादेर
हिँडी रहेकी छन्
मेरी चेली,तिम्री चेली
पारी निर्दयी ख्वामितको देशमा अहिले|
काङ्लातोङ्बी(मन्दिर)स सग

मणिपुर
सम्पर्क: +९१९८६२३४८४२०